Study in EUROPE (Cultural study)
DENMARK
. Schengen Visa Min. cost . NO IELTS/TOEFL
. SLC/+2 can apply . Easy processing
Study in JAPAN
निःशुल्क भाषा निःशुल्क प्रोसेसिङ
IELTS/TOEFL
CAE class for alternate of IELTS
JAPANESE LANGUAGE
अंग्रेजी भाषा
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk, Pokhara
Ph: 061-541104

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ५ ○अंक ३०२ ○श्रेणी 'क' ○२०७१ साउन २८ गते बुधबार ○ 13 Aug, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

Study & work in
JAPAN
Intake: Jan/April...Age bar/Gap NO PROBLEM
सम्पूर्ण खर्च सहित सात लाखमा
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limits seat only Cook Visa, Work Visa
शिक्षकद्वारा अध्ययन गराइने ।
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware सँगै)
977- 61-522668, 9805877868

### १५औं अन्तर्राष्ट्रिय युवा दिवसमा विविध कार्यक्रम गरि पोखरामा पनि मनाइयो

## युवा उद्यमशिलताको चर्चा र युवा सम्मान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २७ साउन ।**

१५औं अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा पोखरामा विभिन्न संघसंस्थाले युवा लक्षित विभिन्न कार्यक्रमको आयोजना गरेका छन् । यसैक्रममा एक्टिभिष्ट कास्कीले तीनजना विभिन्न क्षेत्रका युवालाई सम्मान गर्नुका साथै युवाहरुको अनुभव साटासाट गरेका छन् । यसैगरी परिवर्तनका लागि युवा नेपाल र एम्स युनेष्को क्लव पोखराले पनि युवाहरु संग सम्बन्धित विषयमा छुट्टा-छुट्टै अन्तर्क्रिया कार्यक्रमको आयोजना गरे । एक्टिभिष्ट कास्कीले आयोजना गरेको कार्यक्रममा पोखरा-८ सुन्दरमार्ग निवासी एवं सिद्धार्थ क्लवका अध्यक्ष दीपेन्द्र मर्सानी, सिद्धार्थचोक निवासी युवा उद्यमी ज्ञानेश्वरराज श्रेष्ठ र कास्की कृषितका युवा कृषक कृष्ण पौडेललाई सम्मान गरिएको हो । सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानका कारण मर्सानी, सफल युवा उद्यमीका रुपमा श्रेष्ठ र कृषि क्षेत्रको विकासमा योगदान पुऱ्याएको भन्दै पौडेललाई सम्मान गरिएको हो । युवा दिवसको अवसरमा सिद्धार्थ क्लवको सहयोगमा एक्टिभिष्ट कास्कीले मङ्गलबार आयोजना गरेको युवा उद्यमशिलता सम्वन्धी अनुभव आदान/प्रदान कार्यक्रममा उनीहरुलाई सम्मान गरिएको थियो । सिद्धार्थ क्लवकी सहसचिव तीर्थ श्रेष्ठ, निर्देशक श्यामलाल श्रेष्ठ, युवा पत्रकार नवीन सिग्देल र जमुना वर्षा शर्माले उनीहरुलाई सम्मान पत्र सहित दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रममा बोल्दै युवा उद्यमी ज्ञानेश्वरराज श्रेष्ठले कुनै पनि व्यक्ति सफल हुन मेहनत र लगनशील हुनुपर्ने बताए । सम्मानित व्यक्तित्व सिद्धार्थ क्लवका अध्यक्ष दिपेन्द्र मर्सानीले सकारात्मक सोचबाट नै व्यक्ति रचात्मक काममा अग्रसर हुने बताए । सिद्धार्थ क्लवकी सहसचिव तीर्थ श्रेष्ठ र निर्देशक श्यामलाल श्रेष्ठले युवाहरुका लागि मुलुकभित्र नै अवसर सृजना गर्नुपर्नेमा जोड दिए । युवा पत्रकार नवीन सिग्देलले सङ्घर्ष नै जीवन भएको भन्दै सङ्घर्षबिना केहि पनि उपलब्धि प्राप्त नहुने उल्लेख गरे ।



तस्वीर : गोल्डेन न्यूज दैनिक

त्यसै अर्का पत्रकार जमुना वर्षा शर्माले राज्यले युवालाई लक्षित गरी युवा मैत्री नीति ल्याउनुपर्ने आवश्यकता औंल्याईन् । कार्यक्रममा सिद्धार्थ क्लवका कार्यक्रम संयोजक दुर्गा खनाल, एक्टिभिष्टा कास्कीका संयोजक बलराम तिमिल्सिना, युवाहरु सरोज अधिकारी, विद्याराज बस्तकोटी, नवराज सुवेदी, शिव पोखेल र हिमलाल अधिकारी लगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

यसैगरी १५औं अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा परिवर्तनका लागि युवा नेपालले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सहभागी हरुले पोखरालाई उद्यमि युवाहरुको शहर बनाउने अभियान युवाहरुमा रहेको विचलन परिवर्तन नभए सम्म सफल नहुने बताएका छन् । 'उद्यमी पोखराका लागि युवा' विषयक अन्तर्क्रियाका सहभागीहरुले मुलुकका करिब २८ लाख युवाहरु विदेशमा रहेका तथ्याङ्क माथि चर्चा गर्दै तत्काल नेपाल फर्के नेपालको स्थिति के होला ? भन्ने आशंका समेत व्यक्त गरेका थिए ।

सरकारले उनीहरुमाथि शिक्षामा गरेको लगानीको उत्पादकत्व अनुपातको विश्लेषण गरिनु पर्नेमा जोड दिंदै नेपालको शैक्षिक निति व्यवसायिक मुलक शिक्षामा आधारित हुनुपर्ने आवश्यकता औंल्याएका थिए ।

कार्यक्रममा बोल्दै शिक्षाविद प्रा.डा टेकनाथ शर्मा तिमिल्सिनाले पढने भन्दा गरेर सिकिने हुँदा विश्व विद्यालयहरुले व्यावहारिक शिक्षा प्रणालीका मात्रा वृद्धि गराउनु र्पुमा जोड दिए । नेपालमा उद्यमशिलता को विवकासका लागि अभिभावक हरुको मनोविज्ञान परिवर्तन आवश्यक रहेको भन्दै शर्माले उद्यमी संस्कारको विकासका लागि सबै लाग्नुपर्ने खाँचो औंल्याए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष संजीव बहादुर कोइरालाले नेपालमा युवाहरुका लागि धेरै नै सम्भावना भए पनि युवाहरुले त्यस तर्फ चासो नदेखाउँदा युवाहरुको पहुँच नदेखिएको चर्चा गरे । सञ्चारकर्मी दिपेन्द्र श्रेष्ठले नेपालका युवाहरु पलायन मुखी हुनुमा उनीहरुलाई उत्प्रेरित गराउन नसक्नु प्रमुख कारक रहेको बताए । परिवर्तनका लागि युवा नेपालका अध्यक्ष दृश्य सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अलर्ट नेटिभ्स नेपालका समुन्द्र पौडेले, सुनौलो पोखराका गोविन्द पौडेल, परिवर्तनका लागि युवा नेपालका देवेन्द्र वास्तोला, सूर्य सुवेदी, दिपक पराजुली, विशाल लामिछाने, सरोज ढकाल लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

यसैगरी अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारी एम्स युनेस्को क्लव पोखराले मंगलवार संचेतनामूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो । कार्यक्रममा बोल्दै पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले वर्तमान समाजमा ठूलो मानिस भन्दापनि असल मानिसको खाँचो रहेको बताए ।

त्यस्तै युनेस्कोका नेपाल राष्ट्रिय आयोग सचिवालयका उपसचिव भरतराज त्रिपाठीले युवालाई शान्ति मैत्री तथा आपसी सद्भाव कायम गर्न सहनशील बन्न आग्रह गरे । युनेस्को महासंघका केन्द्रीय सदस्य बिजयराज भण्डारीले युनेस्कोको उद्देश्यलाई आम जनता माझ पुऱ्याउन क्लवहरुको भूमिका महत्वपूर्ण रहेको बताए । कार्यक्रममा सामुदायिक प्रहरी इन्चार्ज मेघराज गुरुङ, ओमन फोरम प्रोग्राम को-अर्डिनेटर मनोजकुमार गुरुङ, नौलो घुम्ती नेपालका सगुन पौडेल, इन्जिनियर प्रविन नेपाली लगायतले सहजीकरण गर्दै एचआइभी एड्स, लागूऔषध दुर्व्यशनी सम्बन्धमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा सहभागी जनप्रिय उच्च मावि कक्षा १२ का छात्र गणेश अर्यालले कार्यक्रम निकै फलदायी भएको भन्दै आफूले वाचन कला सम्बन्धमा धेरै ज्ञान सिकेको बताए । त्यस्तै महेन्द्र उच्च मा.वि.की छात्रा सविता वि.क एवं गण्डकी बोडिङ स्कूलका छात्र आशिष पाण्डेले कार्यक्रम अत्यन्तै राम्रो भएको प्रतिक्रिया दिए । कार्यक्रममा क्लवको तर्फबाट संगीता थापाले स्वागत मन्तब्य राखेकी थिइन् । क्लवका अध्यक्ष स्थिरबाबु सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रम सचिव सुजन लम्सालले संचालन गरेका थिए । पोखरामा रहेर अध्यापन पेशामा आबद्ध युवाहरु संगठित भई वि.स २०६५ सालमा एम्स युनेस्को क्लव गठन गरिएको हो । क्लवले मासिक, अर्धबार्षिक एवं बार्षिक रुपमा विभिन्न गतिविधिहरु गर्दै आइरहेको पाइएको छ ।

## राजनीतिक दलहरू जिम्मेवार बन्नुपर्छ–प्यासी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २७ साउन ।**

नेकपा एमालेका केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष सोमनाथ अधिकारी प्यासीले २०७१ माघ ८ गतेभित्र जनतालाई संविधान दिनका लागि प्रमुख दलहरू जिम्मेवार हुनुपनेमा जोड दिएका छन् । नेकपा एमाले पोखरा वडा कमिटी १६ को १२औं वडा अधिवेशनको उद्घाटन गर्दै उनले नेताहरूलाई जनताको चाहाना र परिवर्तनको भावना अनुसार चल्न सुझाव दिए । नेकपा एमालेले गत असारमा सम्पन्न गरेको नबौं महाधिवेशन लोकतन्त्रको उच्चतम रूप भएको उनले बताए ।

त्यस अवसरमा नेकपा एमाले कास्कीका अध्यक्ष कृष्ण थापाले एमालेले कास्कीमा संगठनलाई अझ सुदृढ र एकताबद्ध बनाउँदै विकास निर्माणमा ध्यान दिनुपर्नेमा जोड दिए । कार्यक्रममा जिल्ला कमिटीका सचिवालय सदस्यहरू शोभा मोहान पौडेल, तेजनारायण अधिकारी, जानुका अधिकारी, जिल्ला कमिटीका सदस्य दानबहादुर बाँनिया, मोहान सुनार, क्षेत्रीय कमिटी कास्की क्षेत्रं. २ का अध्यक्ष जीवनप्रसाद आर्चाय, पोखरा वडा नं. १ का अध्यक्ष शारदा पराजुली, अनेरास्ववियूका इन्जिनियरिङ क्याम्पसका अध्यक्ष सुरेश पौडेल, युवा संघका वडा अध्यक्ष रोहन थापा लगायतले आ-आफ्नो भनाई राखेका थिए ।

अधिवेशनले आगामी कार्यकालका लागि सुवास बाबु अधिकारीको अध्यक्षतामा १३ सदस्यीय वडा कमिटी गठन गरेको छ । कमिटीको उपाध्यक्षमा मिनबहादुर गुरुङ्ग, सचिवमा इन्द्र प्रसाद सुवेदी, उपसचिवमा मञ्जु नेपाली, सदस्यहरूमा ज्ञानेन्द्र थापा, पोषण थापा, विजय तिमिल्सेना, सावित्री तिमिल्सेना, होमनाथ पौडेल, चन्द्रा थापा, रोहन थापा, सविना खड्का रहेका छन् । उद्घाटन सत्रको अध्यक्षतामा वडा कमिटिका अध्यक्ष चित्र थापाले संचालन सचिव इन्द्र सुवेदी र स्वागत मेहरमान थापाले गरेका थिए ।

## नेपाल बार काउन्सिलले १६औं स्थापना दिवस मनायो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २७ साउन ।**

नेपाल कानुन व्यवसायी परिषद १६ वर्ष पुगेको अवसरमा नेपाल बार काउन्सिलले आफ्नो १६औं बार दिवस पोखरामा पनि मनाएको छ । कानून व्यवसायीहरुलाई कानून व्यवसायको व्यवहारिक अनुभव दिलाई परम्परागत रुपबाट कानुन व्यवसायीलाई माथि उठाउँदै विशेषज्ञताको विकास गर्न तालिम तथा प्रशिक्षण दिने, परीक्षा संचालन गर्ने, कानुन व्यवसायी आचारसंहिता कार्य गर्नेलाई कारवाही गर्ने, कानुन व्यवसायीको बृत्तिविकास र उत्कृष्ट कानुन व्यवसायीलाई सम्मान गर्ने लगायतका कार्यहरु नेपाल बार काउन्सिलले गर्दै आएको छ ।

पुनरावेदन बारको सभाहलमा सम्पन्न १६औं काउन्सील दिवसका अवसरमा मन्तव्य दिंदै पुनरावेदन अदालत पोखराका कामु मुख्य न्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठले बार काउन्सिल सक्षम भएमात्र समग्र कानून व्यवसायी क्षेत्रको विकास हुने बताए । सो अवसरमा मुख्य न्यायाधीश श्रेष्ठले बार र बेञ्चले पुरानो छवि सुधार्न जनताबीच जानुपर्ने धारणा राखे ।

कार्यक्रममा बार काउन्सिलका पूर्व सदस्य अधिवक्ता हरिप्रसाद सुवेदी, वरिष्ठ अधिवक्ता तिलक आचार्य, कास्की जिल्ला बारका अध्यक्ष पदमपाणि देवकोटा, पुनरावेदन बारका अध्यक्ष खगेन्द्रराज आचार्य लगायतका कानुन व्यवसायीहरुले आ-आफ्ना धारणा राखेका थिए । नेपाल बार काउन्सिलका पश्चिमाञ्चल सदस्य वरिष्ठ अधिवक्ता कृष्णबहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल बारका केन्द्रीय उपाध्यक्ष अनिता गुरुङ्ग, जिल्ला तथा पुनरावेदन सरकारी वकिलहरु, पुनरावेदन अदालतका न्यायाधीश हरु, जिल्ला तथा पुनरावेदनका कानुन व्यवसायीहरुको उपस्थिति रहेको थियो । नेपालको ऐन २०५० अनुसार स्थापित नेपाल बार काउन्सिल २१ वर्ष भैसकेको भएपनि नेपाल कानून ऐनको सम्पूर्ण दफाहरु लागू भएको १६ वर्ष पुगेको छ ।

## तमुहरुको परम्परागत ट्होंटे पर्व पोखरामा मनाइयो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २७ साउन ।**

तमु जातिको परम्परागत साँस्कृतिक पर्व ट्होटें तमु धिं नेपालको आयोजनामा मंगलबार पोखरामा मनाइयो । तमु धिं नेपालद्वारा आयोजित कार्यक्रमका स्वास्थ्य तथा जनसंख्या मन्त्री खगराज अधिकारी समक्ष तमु धिं नेपालको तर्फबाट पोखरा रामघाटस्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको नाममा अस्पतालका स्थापनाकर्ता स्वर्गीय मेजर बीरसिंह गुरुङको नाम जोड्न मागपत्र प्रदान गरिएको छ । तमु धिं नेपालका वरिष्ठ सल्लाहकार सन्तबहादुर गुरुङले जनकारी गराएको मागपत्रमा केवल गुरुङ जातीय घेराबाट नभई योगदान गर्नेको कदरको निम्ति उक्त माग गरिएको र सबैको अपेक्षा गरिएको उल्लेख छ । मागपत्र बुझ्दै मन्त्री अधिकारीले पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई नेपाल सरकारले स्वास्थ्य प्रतिष्ठानको रुपमा विकास गर्ने तयारी गरिरहेकोले अस्पताल निर्माणकर्ता मेजर बीरसिंह गुरुङको उचित सम्मान गरिने प्रतिवद्धता व्यक्त गरे । मेजर बीरसिंह गुरुङ केवल गुरुङमात्रै नभएर अस्पतालको स्थापना, पोखराको विकासका विशेष योगदान पुऱ्याएका व्यक्ति भएकाले जाति भन्दा माथि उठेर मूल्यांकन गर्नुपर्ने उनले स्पष्ट पारे । मन्त्री खगराज अधिकारीले सबैको पहिचान सम्मान हुने नेपालीको साझा अग्रगामी संविधान तोकिएकै समयमा बन्ने बताए । कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले हरेक जात जाति, समुदायले मनाउने चाडपर्वहरु राष्ट्रको सँस्कृति मात्रै नभएर सम्पत्ति भएको बताए । मेजर बीरसिंह स्मृति प्रतिष्ठानका प्रथम उपाध्यक्ष देवीराज तमुले पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको नाममा स्वर्गीय मेजर बीरसिंह गुरुङको नाम उल्लेख गरिनुपर्नेमा जोड दिए । नेवा खलः कास्कीका अध्यक्ष अशोक पालिखेले मौलिक भाषा, कला, सँस्कृति, परम्पराको संरक्षण सम्वर्द्धन गर्न राज्यको पहल हुनुपर्ने बताए । संघीय समाजवादी पार्टी कास्कीका अध्यक्ष दीपक तामाङ, तमु राष्ट्रिय मुक्ति मोर्चा नेपालका अध्यक्ष बखानसिंह गुरुङ, गुरुङ प्राज्ञिक तथा व्यवसायक मञ्च नेपालका अध्यक्ष सुन्दर गुरुङ, पोखरा उपत्यका नगर विकास समितिका सदस्य तथा नेपाली काँग्रेसका तर्फबाट राजबहादुर गुरुङ। नेपाल तामाङ घेदुङ कास्कीका अध्यक्ष सुवेदार हरीमान तामाङ, तमु धिं नेपालका कार्यवाहक अध्यक्ष कर्णेल रामकाजी गुरुङ, सचिव गिरीप्रसाद गुरुङ, ट्होटे कार्यक्रम संयोजक रुद्रबहादुर गुरुङ लगायतले आ-आफ्नो भनाइ राखेका थिए । पुरानो टुँडिखेलबाट शुरु भएको मौलिक ट्होटे र्‍याली बागबजार, विन्दवासीनी नालामुख, सिद्धार्थचोक, चिप्लेढुंगा, महेन्द्रपुल भिमसेनचोक, नयाँबजार हुदैतमु धिंमा ट्होटें खेल्दै सेती किनारमा खेलाउन पश्चात तमु धिं नेपालमा पुगेको थियो । ट्होटे र्‍यालीमा आयोजित प्रतियोगितामा लेखनाथको सुर्यमुखी तमु समाज सर्वोत्कृष्ट हुदै ४ हजार नगद सहित पुरस्कृत भएको छ भने झाँकीमा फूलवारी तमु समाज, बाजागाजामा दुधपोखरी तमु समाज, सहभागितामा पैयुखोला तमु समाज र भेषभुषामा जनकल्याण तमु समाज उत्कृष्ट बन्दै जनही २ हजार पाँच सय रुपैया सहित पुरस्कृत बने । तमु जातिको मौलिक नृत्य घाँटु संरक्षणमा जुटेको भन्दै आँधीखोला तमु समाजलाई

बाँकी अन्तिम पृष्ठमा......

## बाटो उद्घाटन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २२ साउन ।**

पोखरा ६ बैदामस्थित पहारी घाट जाने बाटोको मंगलबार उद्घाटन गरिएको छ । उक्त बाटो पोखरा उपनगरपालिका, स्थानीय र बाराही टोल विकास सस्थाको सक्रियातमा निर्माण सम्पन्न भएको हो । रु. ३ लाख ४३ हजार ४ सय १४ को लागतमा सम्पन्न गरिएको टोल विकास सस्थाकी अध्यक्ष सीता पहारीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिइन । कार्यक्रममा पोखरा उपमहानगरपालिकाका कार्यक्रम अधिकृत दुर्गा न्यौपानेले टोलको विकासका लागि स्थानियहरुको

बाँकी अन्तिम पृष्ठमा......

हार्दिक बधाई एवं शुभकामना



श्री आत्माराम श्रेष्ठज्यू





श्री पूर्ण ब. गुरूङज्यू

हाम्रा आत्मीय मित्र, अन्नपूर्ण व्यवसायी संघका सदस्य एवं 'न्यू ओले एशोसरिज' को प्रोपाइटर श्री **आत्माराम श्रेष्ठ**ज्यू र अन्नपूर्ण व्यवसायी संघका सल्लाहकार श्री राम गुरुङका भाई श्री **पूर्ण गुरूङ**ज्यू ट्याक्सी व्यवसायी समिति पोखराको हालै सम्पन्न महाधिवेशनबाट क्रमशः **सचिव** र **महासचिव** पदमा निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँ लगायत सम्पूर्ण कार्यसमितिको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।
राजन गुरूङ (अध्यक्ष) एवं
अन्नपूर्ण व्यवसायी संघ परिवार
अन्नपूर्ण सुपर मार्केट, महेन्द्रपुल, पोखरा

भर्ना खुल्यो
पोखरामै
भौतिक पूर्वाधारले सम्पन्न
नोबेल एकेडेमीमा
B.Sc Nursing
B. Pharma
BBA
फारम भर्ने अन्तिम मिति : २०७१।०५।१३ सम्म
प्रवेश परीक्षा : २०७१।०५।१९ गते
NOVEL ACADEMY
Newroad, Pokhara
Ph : 061-535629, 9856020706
www.novel.edu.np, www.facebook.com/Novelgsm

## सम्पादकीय . .

# युवा पलायन रोक्न आवश्यक

नेपाली युवाहरु मुलुकको विकासका लागि भन्दै सबैखाले राजनीतिक आन्दोलनहरुमा सहभागी भइ आफ्नो बलिदान दिएको उदाहरण धेरै छन् । आन्दोलनमा लागेका कतिपयले विभिन्न पीडा लिएर बेसहारा भई बाँचिरहेका छन् भने कतिपय युवाहरु आफ्नो घरपरिवार र समाजबाट विस्थापित बनेका छन् । तर उनीहरुले चाहेको राजनीतिक उपलब्धि प्राप्त भएपनि त्यसले उपयुक्त प्रतिफल दिन नसक्दा युवा जमात निराशातर्फ धकेलिन थालेको छ । परिवारको बाँच्ने सहाराको रूपमा रहेका छोराहरूले नेपाली जनताको अधिकार दिलाउने संघर्षमा ज्यान गुमाउँदा भन्दा पनि बढी पीडा आजका युवा र तिनका आमा बाबुलाई अवश्य भएको ले त्यति पीडाको अनुभव गरेका थिएनन् जति पीडा राजनीतिक दलहरू छ । विशेषगरी राजनीतिक दलको कार्यक्षमताका कारण युवाहरुमा वितृष्णा र निराशा जागेको भन्दा फरक पर्दैन । युवाहरुले राजनीतिक क्षेत्रमामात्र नभई शैक्षिक, सांस्कृतिक, आर्थिक र सामाजिक लगायतका क्षेत्रमा समेत आशा लाग्दो नेतृत्व पाउन नसकेको भनि गुनासो गर्दछन् । राजनीतक दलका नेताहरुमा देखिएको स्वार्थीपन र राष्ट्रभन्दा माथि उठ्ने सोचको अभावका कारण राजनीतिक दलभित्र आन्तरिक मतभेद र विभाजन अनि सरकारमा पुगेका मन्त्रीहरुमा नाताबाद र कृपावादमात्र नभएर भ्रष्टाचारको प्रवृत्ति बढ्नुले राजनीतिक नेतृत्वसंग युवाले ठूलो आशा गरेका छैनन् । यस्तै शैक्षिक क्षेत्रमा पनि युवाहरु संन्तुष्ट बन्ने अवस्था छैन । शिक्षण संस्थामा मौलाउँदै गएको व्यापारीकरण र अति राजनीतिकरणको मारमा नेपाली युवाहरु परिरहेका छन् । त्यसको अन्त्य गर्न धेरै प्रयासहरु भएपनि त्यसले सार्थकता पाउन नसकेपछि युवाहरु निराश बन्नु अन्यथा होइन । आर्थिक क्षेत्रको कुरा गर्दा नेपाली अर्थतन्त्र अझैपनि परम्परागत शैलीमा चलेको छ । जसका कारण नेपालमा आर्थिक विकासका सम्भावना एवं लगानीका सम्भावना धेरै रहेपनि लगानी सुरक्षित हुने ग्यारेन्टीको अवस्था नहुँदा युवाहरुले लगानीका सम्भावनालाई समेत बेवास्था गर्नुपरिरहेको छ । सामाजिक एवं धार्मिक क्षेत्रमा पनि विकृति र विसंगति बढ्दो छ । यसले युवाहरुलाई सही मार्गमा डोऱ्याउन एक किसिमको अवरोध सिर्जना भएको मान्न सकिन्छ । यस्ता विविध कारणले नेपाली युवाहरु विदेशिनेक्रम बढ्दै गइरहेको छ । पछिल्लो पाँचवर्षको अवधिमा करिब ४० लाख युवाहरु विश्वका विभिन्न मुलुकमा रोजगारी एवं अन्य बाहनामा पुगेका छन् । ५० हजार युवाहरूलाई प्रतिवर्ष रोजगारी दिने उद्देश्यका साथ स्थापना गरिएको युवा तथा साना व्यवसायी स्वरोजगार कोष कालान्तरमा एमाले र एमाओवादीको भागबण्डाको झगडाको थलोको रूपमा रूपान्तरण भएको कारणले यो समिति आफनो उद्देश्यलाई हासिल गर्न सकेन । ५ वर्षमा यसले १७ हजार युवाहरूलाई मात्र समेट्न सक्यो । युवा तथा साना व्यवसायी स्वरोजगार कोष, गरिबी निवारण कोष लगायतका धेरै कल्याणकारी संस्थाहरूले समाजमा व्याप्त संकटपूर्ण आर्थिक अवस्थालाई समाधान गर्न नसकेर युवाहरूको विदेश पलायन तीव्रगतिले बढ्दै गयो र यो अझै रोकिएको छैन । लाखौंको संख्यामा युवाहरू विदेशिनु तथा खरबौंमा रेमिट्यान्स भित्रिनुले एकातिर नेपालमा विदेशी मुद्रा भित्रिएको र अर्कोतिर स्वदेशमा काम गर्ने युवाको अभाव भएको मान्न सकिन्छ । यस विषयमा सरकार, दल तथा नेताहरुले विचार मनन नगर्ने हो भने एकदिन देश भयाभह अवस्थामा पुग्नेछ । अपराध, असुरक्षा, महँगी, बेरोजगारीको वृद्धिले समाजलाई नराम्रोसंग प्रभावित गरेको अवस्थामा युवाहरुले पनि थुप्रै चुनौतीको बीचबाट सम्भावना खोज्न सक्नुपर्दछ । ५० हजार युवाहरूलाई प्रतिवर्ष रोजगारी दिने उद्देश्यका साथ स्थापना गरिएको युवा तथा साना व्यवसायी स्वरोजगार कोषले समेत नेपाली युवाको भावना पहिचान गर्न सकेन । ५ वर्षमा यसले १७ हजार युवाहरूलाई मात्र समेट्न सक्यो । युवा तथा साना व्यवसायी स्वरोजगार कोष, गरिबी निवारण कोष लगायतका धेरै कल्याणकारी संस्थाहरूले समाजमा व्याप्त संकटपूर्ण आर्थिक अवस्थालाई ध्यान दिइ युवाहरुमा रहेको ज्ञान, शिप र क्षमताको अधिकतम उपयोग गर्न सके भविष्यमा युवाहरुकै काँधमा राष्ट्रको भविष्य रहन सक्छ । तसर्थ यस विषयमा सरोकारवालाको ध्यान पुग्न जरुरी छ ।

# राजनीतिक, शैक्षिक, धार्मिक एवं अन्य क्षेत्रमा योगदान

## सन्दर्भ : नेपाल–भारत सम्बन्ध



गंगाधर पराजुली

नेपाल र भारतबीचको सम्बन्ध सदियौं पुरानो छ । दुई देशको सम्बन्ध यति धेरै कुराहरूसँग जोडिएको छ कि जुनसुकै सन्दर्भमा कुनै न कुनै प्रकारले जोडिएर आउने गर्छ । एक किसिमले भन्ने हो भने अहिले पनि कतिपयले नेपालीको भुभागलाई समेत भारतवर्षको रुपमा लिने गर्दछन् । सुगौली सन्धि अघिको नेपाल निकै ठूलो थियो, त्यसपछिको नेपाली भूभाग भौगोलिक दृष्टिले भारतको तुलनामा सानो भए पनि राष्ट्रियताका दृष्टिले स्वाधीन र स्वतन्त्र रहेको धेरैको बुझाइ छ । हुन त कतिपयले अहिलेपनि नेपालमा भारतीय प्रभाव धेरै रहेको आरोप लगाउने गर्दछन् । भारतमा अंग्रेजहरुले शासन गर्नेक्रममा नेपालसंग चलेको युद्ध र नेपालीहरुले प्राप्त गरेको विजय एवं दुई पक्षको सन्धि र समझदारी पछि नेपालमा शासन सञ्चालनका अनेकौं रूपहरू आए तापनि नेपाल भारतको सदियौंदेखिको परम्परागत सम्बन्ध भने निरन्तर कायम रहँदै आएको छ ।

राजनीतिक रुपमा दुई देशका बीचमा जनस्तरमा पनि उत्तिकै सम्बन्ध छ । नेपालमा एकतन्त्रीय राणाशासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्नमा भारतले नेपाललाई गरेको सहयोगलाई नेपाली जनताले र भारतीय स्वतन्त्रता संग्राममा नेपालीले गरेको सहयोगलाई भारतीय जनताले कहिल्यै भुल्न सक्ने अवस्था छैन । राजनीतिक आन्दोलनमा दुवै देशका जनताले गरेको सहयोगीको आदान-प्रदानसंगै नेपाली जनताले स्वतः स्फूर्त र कतिपय नेपाली युवाहरु भारतीय सेनामा रहेर भारतको स्वाधीनता र स्वतन्त्रताको आन्दोलनमा खेलेको भूमिका पनि महत्वपूर्ण रहेकोछ । त्यस्तै भारतले नेपालको शिक्षा, स्वास्थ्य, सडक, पर्यटन, विद्युतलगायतका पूर्वाधार निर्माण तथा विकासमा खेलेको भूमिका पनि महत्वपूर्ण र स्मरणीय रही आएको छ । विगतदेखिको नेपाल भारतको सम्बन्ध सुमधुर रही आएता पनि नेपाल र भारतको राजनीतिक अवस्था र परिवर्तन सूगै त्यसको सापेक्षतामा नेपाल भारतको सम्बन्धलाई परिभाषित गर्दै जानु आवश्यक छ ।

नेपाल र भारतबीचको सम्बन्धको चर्चा गर्दा तत्कालिन बडा महाराजधिराज पृथ्वीनारायण शाहको पालामा रहेको नेपाल भारत सम्बन्ध, तत्कालिन जंगबहादुर राणा र राणाकालीन नेपाल भारत सम्बन्ध, तथा तत्कालिन राजा त्रिभुवन र महेन्द्रको पालामा अर्थात पञ्चायतकालीन अवस्थामा नेपाल भारत सम्बन्धका बारेमा बुझ्न आवश्यक छ । त्यसपछि मुलुकमा प्रजातन्त्र पुनःस्थापनाका लागि २०४६ मा भएको आन्दोलन देखि २०६२/०६३ सम्मका चरणवद्ध आन्दोलनहरुका साथै पछिल्लो समयमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको चरणसम्म आइपुग्दा नेपाल भारत सम्बन्धलाई फरक फरक दृष्टिकोणबाट हेरिनु पर्छ । हुकुमी, निरंकुश र शाही शासनकालको नेपाल भारत सम्बन्ध र संविधानतः जनता सार्वभौमसत्ता सम्पन्न भई सकेको अवस्थामा नेपाल भारत सम्बन्धलाई नयाँ ढङ्गले परिभाषित गर्नु जरुरी छ । विगतका वर्षहरुदेखि नै नेपालीहरूले रोजगारीको पहिलो अवसरको रूपमा भारतलाई नै लिने गरेका छन् । पछिल्लो समयमा विश्वमा आएको आर्थिक उदारीकरण र श्रमबजारको विस्तार सँगै तेस्रो मुलुकहरूमा जाने प्रचलन बढेपछि भने भारत नेपाली श्रमिकहरुका लागि मनग्य अर्थोपार्जन गर्ने मुलुक बन्न सकेको छैन । तर भारतीय गोर्खा सैनिकको रुपमा नेपाली युवाहरुले प्राप्त गर्दै आएको सेवा सुविधा भने आकर्षक मानिन्छ । पहिला पहिला रोजगारीका लागि लाहुर जाने भन्ने कुरा त गाउँघरमा एउटा फेसनकै रूपमा थियो । हिमाल र पहाडी क्षेत्रका बासिन्दाहरूको प्रायः घरबाट लाहुर जाने चलन थियो ।

जुन घरमा लाहुर गएर कमाएर ल्याउने जवानहरू हुन्थे त्यो परिवारको वार्षिक घर खर्च चलाउन पनि कठिन हुन्थ्यो । नेपालबाट अहिले सरदर दैनिक १ हजार ५ सयका दरले शिक्षा, सीप र रोजगारीको अवसरका नाममा विदेश जाने गरेको विभिन्न तथ्याङ्कबाट देखिन आउँछ । सूचना र प्रविधिमा आएको चमत्कारिक विकास र विश्वव्यापीकरणले कतिपय परम्परागत कुराहरूमा जवर्जस्त परिवर्तन ल्याएको छ । यो परिवर्तन संगै भारतीय श्रम बजार कमजोर मानिएपनि नेपालको धार्मिक, सांस्कृतिक र खुला सीमाका कारण जोखिम रहित किसिमले भारतमा जाने र विभिन्न रोजगारीमा लागेर आर्जन गरेको रकमले नेपालमा घर परिवार चलाउने यथार्थता भने कसैबाट लुकेका छैन ।

.विगतमा 'शिक्षाका लागि भारतको काशी जानू न्यायका लागि नेपालको गोरखा जानु' भन्ने उक्तिको नेपालीहरूमा अझै पनि छाप रहेको छ । त्यस हिसाबले पनि शिक्षाको महत्वपूर्ण स्रोतको रूपमा भारत रहेको छ भन्ने कुरा स्पष्ट नै छ । नेपालमा २०४६।४७ को आन्दोलनले बहुदलीय व्यवस्थाको पुनःस्थापना गरे यता शासन सञ्चालनमा अनेकौं प्रकारका उतार चढाव आए पनि सूचना प्रविधिको विकास, सञ्चार, शिक्षा र स्वास्थ्यको क्षेत्रमा राम्रै प्रगति हुँदै गएको मान्नु पर्छ । त्यसअघि स्वास्थ्योपचार र स्वास्थ्य शिक्षाका लागि पनि भारतमा नै जानु पर्ने ठूलो बाध्यता रहेको थियो । तर पछिल्लो समयमा भारतीय सरकारले नेपाली विद्यार्थीहरुका लागि छात्रवृत्ति एवं अन्य सुविधा प्रदान गरेर तथा भारतीय शिक्षण संस्थामा हुने गरेको गुणात्मक शिक्षाका कारण नेपाली विद्यार्थीहरुको आकर्षण भारतीय शिक्षण संस्थामा पनि देखिएको छ ।

राजनीतिक र सांस्कृति दृष्टिकोणले जस्तै धार्मिक दृष्टिले पनि नेपाल भारत सम्बन्ध एक अर्का बीच कहिल्यै पनि टुट्न र छुट्न नसक्ने देखिन्छ । नेपालको मुक्तिनाथदेखि रामेश्वरम् आदि तीर्थ स्थलहरू नेपाल र भारतका जनताका आस्थासँग जोडिएका विषय हुन् । बुद्धको जन्मस्थल लुम्बिनी, हिन्दूहरुको पवित्र धाम पशुपतिनाथ, जनकपुरकी सीता र आयोध्याका रामको विवाह सम्बन्ध आदिले अहिले पनि विगतदेखि नै नेपाल भारतबीचको मैत्री सम्बन्धको अनुपम उदाहरण हामीसँग रहेको छ ।

त्यस्तै गरी अन्य धार्मिक तीर्थस्थलहरु, ऐतिहासिक महत्वका स्थानहरु, सांस्कृतिक पर्वहरु, सामाजिक सम्बन्धहरु, पारस्परिक राजनीतिक सम्बन्ध र आर्थिक सम्बन्ध आदिले पनि नेपाल भारत सम्बन्धलाई जोड्ने काम गरेका छन् । यस किसिमको सम्बन्धलाई नेपाल र भारत बीचको कहिल्यै टुट्न र छुट्न नसकिने सम्बन्धको रुपमा जानकारहरु परिभाषित गर्दछन् । त्यसैले राजनीतिक रुपमा दुई देशका जनताबीच भएको सहकार्य जस्तै धार्मिक भावनाका कारण पनि नेपाल र भारतबीचको सम्बन्ध अझ प्रगाढ बन्न पुगेको छ ।

सदिऔंदेखि नेपाल भारत बीच रहेको खुला सीमाले दुबै मुलुकका नागरिकहरूको लागि सहज रुपमा आवतजावतको सुविधा मिलेको छ । यसले पनि स्वाभाविक रुपमा अन्य मुलुकहरूसंगको सम्बन्ध भन्दा नेपाल भारत सम्बन्धमा केही फरक र मौलिक आयामहरु थपेको छ । खुल्ला सीमाको सकारात्मक पक्ष एकातिर देखिन्छ भने अर्कोतिर सुरक्षा, मानव बेचबिखन, लागू पदार्थ ओसारपसार, चोरी तस्करी जस्ता समस्याहरुको पनि सामना गर्नु परिरहेको अवस्था छ । यस बारेमा दुबै राष्ट्रबीचको गम्भीर ध्यान आकृष्ट भई परिवर्तित सन्दर्भलाई ध्यानमा राखी समय अनुसार दुवै मुलुकले भोग्नुपर्ने समस्याको समाधानका लागि उपयुक्त विकल्प सोच्नु वर्तमानको आवश्यकता हो ।

नेपालका अधिकांश नदीनालाहरू उत्तरबाट दक्षिणतर्फ बगिरहेका छन् । ती नदीहरू सबै हाम्रो छिमेकी राष्ट्र भारत हुँदै समुद्री सतहमा मिसिन पुग्छन् । महाकाली जस्ता ठूला नदीहरू सीमानदीको रूपमा रहेका छन् । यस्ता नदीहरूको उपयोग गर्ने सबालमा साझा दृष्टिकोण र समझदारीको आवश्यकता पर्दछ । यसका साथै कोशी, गण्डकी कर्णाली जस्ता नदीहरू पनि विद्युत उत्पादनका ठूला स्रोतका रूपमा रहेका छन् । यी नदीहरूबाट उत्पादन गरिने विद्युतले निकै ठूलो आवश्यकतालाई पूरा गर्न सक्दछन् । यसका साथै साना ठूला गरी झण्डै ६ हजार नदीनालाहरू नेपालमा छन् । जसबाट साना जल विद्युत आयोजनाहरू सञ्चालन गरेर नेपाली जनताको ऊर्जाको आवश्यकतालाई पूरा गर्न सकिने प्रशस्त आधारहरू छन् । यस तथ्यलाई मध्यनजर गर्दै भारतीय लगानीकर्तालाई नेपाल भित्र्याउन सके भविष्यमा दुवै देशको उर्जा संकट समाधान हुनेमात्र नभएर आर्थिक विकासले फड्को मार्न सक्दछ । दुवै देशले आथिक एवं अन्य लाभ लिनका लागि मैत्रीपूर्ण रुपमा ठूला आयोजनाहरु संचालन गर्ने अवस्था सृजना हुन सके जनस्तरमा पनि यसले राम्रो प्रभाव पार्ने निश्चित छ । यसका लागि विगत लामो समयदेखि प्रयत्न हुँदै आएको पनि पाइन्छ । तसर्थ दुवै देशको सरकारको स्तरमामात्र नभएर जनस्तर र कुटनीतिक तहबाट समेत नयाँ परिवेशमा समानताका आधारमा विभिन्न आयोजना संचालन गर्ने स्थिति ल्याउन जरुरी छ । यसले नेपाल भारतबीचको सम्बन्धलाई अझै उचाइमा पुऱ्याउन मद्धत गर्दछ ।

विगतमा नेपाल भारतका बीचमा थुप्रै सन्धि सम्झौताहरु भएकान छन् । यस्ता सन्धि सम्झौतालाई आलोचनाको दृष्टिकोणमात्र नहेरी सकारात्मक दृष्टिकोणले हेर्न र सोही अनुरुप नीति बनाउन सके दुवै देशलाई फाइदा पुग्छ । महाकाली नदीलाई दुवै देशको साझा नदीको रुपमा समेत मानिने भएकोले यसको उपयोगका सन्दर्भमा त दुवै देश बीच गम्भीर बहस र छलफल भइरहेको छ । यस अघि निर्माण भएका टनकपुर ब्यारेज लगायतका परियोजनाहरूले नेपाल भारतको साझा हितमा कस्तो प्रभाव पारेका छन् भन्ने विषयमा पनि दुवै देशका अधिकारीहरु बीच मित्रवत संवाद हुनु पर्ने देखिन्छ । महाकाली नदीसंग जोडिएको पञ्चेश्वर परियोजना त्यसमा पनि समग्र प्याकेजका रूपमा सहमति र सम्झौता भएको बहुचर्चित महाकाली सम्झौता र त्यसको अहिलेसम्मको कार्यान्वयनको पक्षलाई ख्याल गरि दुवै मुलुकको हित हुने किसिमले भावी नीति र योजना बनाउनुपर्ने देखिन्छ । यसैगरी नेपाल प्राकृतिक वैभव र सुन्दरताका दृष्टिले अत्यन्तै सम्पन्न भए पनि एउटा भूपरिवेष्ठित राष्ट्र भएको हुनाले अन्तर्राष्ट्रिय जगतसंगको व्यापार र पारवाहनका लागि द्विपक्षीय वा बहुपक्षीय सन्धि सम्झौताका बारेमा पनि दुवै देशका अधिकारीहरुबीच उच्चस्तरीय संवाद गर्नैपर्ने देखिन्छ । विश्वव्यापी रुपमै सूचना प्रविधि र विकासका नयाँनयाँ मोडेलमा आएको युगान्तकारी परिवर्तनका सन्दर्भमा नेपालले भारसँगको सम्बन्धमा पनि नयाँ किसिमले सोच्नुपर्दछ । महाशक्तिको राष्ट्रको रुपमा विकसित भारतबाट सूचना प्रविधि र लगानी एवं आर्थिक विकासका सम्भावनाहरुको विस्तार गर्न नेपाली पक्ष उदार बन्नु आवश्यक छ । नेपालको आर्थिक समृद्धि एवं पूर्वाधार विकासमा भारतले पर्याप्त लगानी गरेको अवस्थामा त्यसको फाइदा भारतलाई पनि अवश्य पुग्नेछ ।

नेपाल र भारत बीच ऐतिहासिक अवस्थादेखि जनस्तर र कुटनीतिक तहबाट कायम भएका सम्बन्धलाई प्रगाढ बनाउँदै लैजानु अहिलेको आवश्यकता हो । दुबै देशको समान हितका आधारमा नेपाल भारतको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक सम्बन्धहरु लाई परिवर्तित सन्दर्भ अनुसार सार्वभौमसत्ता सम्पन्न जनताको मतबाट छानिएका जनप्रतिनिधि सम्मिलित संसद तथा संविधान सभाले नयाँ ढङ्गबाट परिभाषित गर्न सके र सोही अनुसार समय सान्दर्भिक नीति बन्न सके दुई देशबीचको सम्बन्ध मैत्रीपूर्ण र दिगो हुन सक्छ भन्नेमा सबै विश्वस्त छन् । तसर्थ यो विषयमा सबैको ध्यान पुग्ने हो भने नेपालले पनि आर्थिक एवं भौतिक विकासका लागि छिमेकी मुलुक भारतबाट थुप्रै अवसर र लाभ प्राप्त गर्न सक्नेमा दुई मत छैन ।

# शान्तिवादी नेता मुनको दोस्रो वार्षिकी

**पोखरा २७ साउन ।(गोल्डेन)**

विश्व प्रसिद्ध शान्तिवादी नेता महामहिम स्वर्गीय डा. सन म्योङ मुनको दोश्रो वार्षिकीमा मंगलबार पोखरामा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ । आदर्श परिवार मार्फत नै विश्व शान्ति संभव छ भन्ने सिद्धान्तका साथ डा.मुनले शान्तिका लागि विभिन्न कार्यहरु गर्दै आइरहेका थिए । मुनको ९२ वर्षको उमेरमा सन् २०१२ सेप्टेम्बर ३ मा निधन भएको थियो । मंगलबार पोखरामा आयोजना गरिएको श्रद्धाञ्जली सभा कार्यक्रममा जिल्ला शान्ति परिषद् कास्कीका सदस्य तथा शान्ति दुत प्रदिप भक्त आचार्यले मुनको शान्तिबादि सिद्धान्त मार्फत नै आर्दश परिवार निर्माण गरि विश्व शान्तिको कल्पना पुरा गर्न महामहिम मुनको योगदान अतुलनिय रहेको बताउँदै आफ्नो जीवनमा मुन सधैं प्रेरणाको श्रोत रहेको बताएका छन् । मुनको सम्झनामा विश्वभर नै मंगलबार श्रद्धाञ्जली सभाको आयोजना गरिएको यूपिएफ पश्चिमाञ्चल संयोजक रामचन्द्र देवकोटाले जानकारी दिए । कार्यक्रममा शान्तिदुतहरु हानिफ मियाृ, हेरम्ब कोइराला, रामबहादुर थापा, विश्व शान्ति तथा एकिकृत परिवार संघ पोखरा संयोजक शान्ति सुवेदी, लगायत करिव ३० जनाको सहभागिता रहेको थियो ।

# फुटवलमा रोयर रिठेपानी विजयी

**पोखरा २७ साउन ।(गोल्डेन)**

पढाईको साथमा खेल पनि अपरीहार्य भएको भन्दै लेखनाथको वुढिवजारमा रहेको जुनियर सिटिजन एकेडेमी कक्षा ८मा अध्यनरत विद्यार्थीहरुद्वारा आयोजित सेभेन ए साईड फुटवलको उपाधि रोयर रिठेपानीले हात पारेको छ ।

लेखनाथको भन्भाङ चौरमा भएको खेलमा रोयर रिठेपानीले आयोजक जेसीएलाई टाईवेकरका आधार ३/२ पराजित गर्दै उपाधि हात पारेको हो ।

१८ टिमको सहभागीता रहेको खेलमा विजयी समुहलाई खेलका संयोजक रोशन शर्मा र प्रमोद वस्ताकोटीले पुरस्कार र मेडल वितरण गरेका थिए भने उत्कृष्ठ गोलकर्ता सन्तोष भुजेल र उत्कृष्ठ खेलाडी समिर अधिकारीलाई समेत नगद र मेडलले पुरस्कृत गरिएको थियो ।


**विदेश जानेहरूका लागि सुवर्ण अवसर**

दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू नि:शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :-
- शतप्रतिशत उत्तीर्ण गराउन सफल
- आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
- १ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

अन्तरवार्ता भइरहेको छ ।

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.

पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो) मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१४९२

**नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा**

के तपाईंसंग पुराना कम्प्युटरहरू छन् ?

पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।

नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।

**Online Computer Institute**

न्यूरोड ९, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)

सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

**चाया, पोतो र डण्डिफोर Bye Bye**

- चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने साथमा मोटोपन घटाउने र बढाउने पनि ।
- कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
- सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
- महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
- चाउरिपना हटाउने
- पिनासका लागि सफल उपचार ।
- ग्याष्ट्रिक उपचार
- Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
- थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।

Skin Test गरिन्छ ।

ढाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने

नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

**बिहानी ब्युटी ट्रेडर्स**

चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४५५४

(मल्ल इम्पोरियमको अगाडि ड्रा कम्प्लेक्स भन्दा दुई घर तल)

**फेन्सी पसल विक्रीमा**

पोखराको व्यस्त बजार चिप्लेढुङ्गामा अवस्थित अत्यन्त चालु अवस्थामा रहेको फेन्सी पसल उचित मूल्यमा विक्रीमा छ ।

सम्पर्क : ९८५६०३१४१२, ९८०५१६७१८०

**Work in Germany**

- Only for Girls
- Age bar 18-27
- 2 months Language
- SLC pass can go

A1, A2 & B1 Language classes are running

TEA PVT.LTD Opposite to Ravi Hotel, Srijanachowk

CONTACT: 061523357, 9856033215

**"रंगहरूको अन्तिम गन्तव्य"**

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

**योर्स ट्रेड कन्सर्न**

सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

**खानेपानी चाहिएमा**

मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।

सम्पर्क

भद्रकाली सप्लायर्स

काहुँखोलाचोक, आर्वा-१,

फोन : ०६१-५३९०६०, ९८५६०३७६६६

**फेन्सी पसल बिक्रीमा**

पोखराको व्यस्त बजार चिप्लेढुङ्गामा अति चालु अवस्थामा रहेको फेन्सी पसल विशेष कारणवस विक्री गर्नुपर्ने भएकोले लिन ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क :९८०५८८५८०६

**अनेक समस्या सफल उपचार**

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्वन्धि समस्या

महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा

पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फ्रि होम डेलिभरि

फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

